दोरम्बा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

टोकरपुर, रामेछाप

प्रदेश नं. ३, नेपाल ।

प.सं. २०७६।०७७

च.नं. ९६५

मिति २०७६/०५/२३

## विषय : विषय विज्ञका लागि निवेदन पेश गर्ने बारे ।

श्री सबै विद्यालयहरु

दोरम्बा गाउँपालिका ।

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तरगत सामुदायिक माध्यमिक विद्यालय तथा आधाभूत विद्यालयहरुमा करार दरवन्दी तथा राहत अनुदान कोटामा शिक्षक भर्ना गर्ने प्रयोजनको लागि २ वर्षको समय रहने गरी विषय विज्ञको छनौट गर्ने तथा प्रश्न बैंक समेत निर्माण गर्नुपर्ने भएकोले तपशीलको योग्यता भएका शिक्षकहरुबाट मिति २०७६/०६/०७ गतेभित्र विषय विज्ञका लागि निवेदन पेश गर्नुहुन सबै तहका स्थायी शिक्षकहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### माध्यमिक तहको विषय विज्ञका लागि पेश गर्नुपर्ने कागजातहरु

१. जुन विषयको लागि विषय विज्ञमा आवेदन दिने हो सो विषयमा माध्यमिक तहको स्थायी नियुक्ति पत्रको प्रतिलिपि ।
२. सम्बन्धित विषयमा एम.एड. उत्तीर्ण गरेको वा सम्बन्धित विषयको कुनै पनि विषयमा स्नातकोत्तर गरी तालिम प्राप्त गरेको प्रमाण पत्रको प्रतिलिपि ।
३. स्थायी अध्यापन अनुमथि पत्र तथा नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
४. सम्बन्धित तहमा कम्तिमा २ वर्षको शिक्षण अनुभवको पत्र ।

### निम्नमाध्यमिक तहको विषय विज्ञका लागि पेश गर्नुपर्ने कागजातहरु

१. जुन विषयको लागि विषय विज्ञमा आवेदन दिने हो सो विषयमा निम्नमाध्यमिक तहको स्थायी नियुक्ति पत्रको प्रतिलिपि ।
२. सम्बन्धित विषयमा बी.एड. उत्तीर्ण गरेको वा सम्बन्धित विषयको कुनै पनि विषयमा स्नातक गरी तालिम प्राप्त गरेको प्रमाण पत्रको प्रतिलिपि ।
३. स्थायी अध्यापन अनुमथि पत्र तथा नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
४. सम्बन्धित तहमा कम्तिमा २ वर्षको शिक्षण अनुभवको पत्र ।

### प्राथमिक तहको विषय विज्ञका लागि पेश गर्नुपर्ने कागजातहरु

१. प्राथमिक तहको स्थायी नियुक्ति पत्रको प्रतिलिपि ।
२. शिक्षा शाश्त्रमा आइ.एड. वा कक्षा १२ उत्तीर्ण गरेको वा कुनैपनि विधामा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरी १० महिने तालिम प्राप्त गरेको प्रमाण पत्रको प्रतिलिपि ।
३. स्थायी अध्यापन अनुमथि पत्र तथा नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
४. सम्बन्धित तहमा कम्तिमा २ वर्षको शिक्षण अनुभवको पत्र ।

............................................

शिवकुमार खड्का

निमित्त कार्यालय प्रमुख

नि. कायालय प्रमुख